# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५० ) काठमाडौं, फागन ३० गते २०५७ साल ( अतिरिक्ताङ्क ६२ ( ख )


## भाग ३

श्री ५ को सरकार

### संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सूचना

श्री ५ को सरकारले गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ को दफा १४ ग. ले दिएको अधिकार प्रयोग गरी हवाई अड्डा दस्तूर नियमावली, २०३८ बमोजिम श्री ५ को सरकारले उठाउँदै आएको दस्तूर, बहाल शुल्क आदि आजका मितिदेखि नेपाल नागरिक उड्डयन प्राधिकरणले निम्न शर्त बन्देजको अधिनमा रही उठाउन पाउने गरी अधिकार सुम्पिएकोले यो सूचना प्रकाशन गरिएको छ ।

(१) प्राधिकरणले उठाएको रकमको विवरण प्रत्येक महिनामा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र अर्थ मन्त्रालयमा पेश गर्नु पर्ने ।

(२) प्राधिकरणले उठाएको रकम नेपाल नागरिक उड्डयन प्राधिकरणको कार्यमा मात्र खर्च गर्न पाउने ।

(३) श्री ५ को सरकारले समय समयमा तोकिदिएको शर्त अनुसार कार्य गर्नु पर्ने ।

आज्ञाले,

बरुणप्रसाद श्रेष्ठ

श्री ५ को सरकारको सचिव


मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

1126

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।